आज मिति २०८१ साल श्रावण २४ गते बिहीबारका दिन बिहान ११:०० बजे जानकी गाउँपालिकाका अध्यक्ष श्री गणेश चौधरीज्यूको अध्यक्षतामा देहाय बमोजिमका पदाधिकारीज्यूहरुको उपस्थितिमा कार्यपालिकाको बैठक बसी निम्नानुसारका निर्णयहरु गरियो ।

उपस्थिति :-

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री गणेश चौधरी | अध्यक्ष | |
| २. | श्री लालमती देवी कठरिया | उपाध्यक्ष | |
| ३. | श्री सुरेश कुमार चौधरी | सदस्य | |
| ४. | श्री चक्र बहादुर विष्ट | सदस्य | |
| ५. | श्री सुरेश चौधरी | सदस्य | |
| ६. | श्री दिपेन्द्र कुमार कठरिया | सदस्य | |
| ७. | श्री भिम बहादुर चौधरी | सदस्य | |
| ८. | श्री इन्द्र चौधरी | सदस्य | |
| ९. | श्री कमल महतो | सदस्य | |
| १०. | श्री तिर्थराज उपाध्याय | सदस्य | |
| ११. | श्री खकेन्द्र भण्डारी | सदस्य | |
| १२. | श्री लक्ष्मी चौधरी | सदस्य | |
| १३. | श्री इन्द्रा सोप वि.क. | सदस्य | |
| १४. | श्री पार्वती देवी डगौरा थारु | सदस्य | |
| १५. | श्री पवित्रा विश्वकर्मा | सदस्य | |
| १६. | श्री राधा भुल | सदस्य | |
| १७. | श्री नर बहादुर कुमाल | सदस्य | |
| १८. | श्री आशिष चौधरी | सचिव | |

CamScanner

जानकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दुर्गौली, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रस्ताव नं. १ :- कार्यपालिका बैठकका पूर्व निर्णय कार्यान्वयन समीक्षा सम्बन्धमा।

निर्णय नं. १ :- प्रस्ताव नं. १ माथि छलफल गर्दा यस जानकी गाउँपालिका, गाउँ कार्यपालिका बैठकबाट भएका पूर्व निर्णयहरुको कार्यान्वयन समीक्षा गरियो।

प्रस्ताव नं. २ :- जानकी गाउँपालिकाको प्रशासकीय भवन निर्माण गर्ने सम्बन्धमा।

निर्णय नं. २ :- प्रस्ताव नं. २ माथि छलफल गर्दा यस जानकी गाउँपालिकाको प्रशासकीय भवन निर्माणको लागि विस्तृत अध्ययन प्रतिवेदन (डि.पी.आर.) तयार भईसकेको सन्दर्भमा प्रशासकीय भवनको विभिन्न संरचनाहरुमध्ये सर्वप्रथम मुख्य भवन निर्माण गर्ने निर्णय गरियो।

प्रस्ताव नं. ३ :- गुरही/पचैइयाँ/नागपञ्चमी पर्वको अवसरमा स्थानीय बिदा सम्बन्धमा।

निर्णय नं. ३ :- प्रस्ताव नं. ३ माथि छलफल गर्दा हिन्दु धर्मावलम्बीहरुको नागपञ्चमी तथा थारु समुदायको गुरही/पचैइयाँ पर्वको अवसरमा यस गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा संचालित परीक्षा सुचारु नै रहने गरी सम्वत् २०८१ साल श्रावन २५ गते शुक्रबारका दिन यस गाउँपालिकाको कार्यालय, वडा कार्यालय र स्वास्थ्य संस्थाहरु(अत्यावश्यक सेवा बाहेक) मा स्थानीय बिदा दिने निर्णय गरियो।

प्रस्ताव नं. ४ :- विद्यालयका नतिजा प्रकाशन गर्ने प्रकृया सम्बन्धमा।

निर्णय नं. ४ :- प्रस्ताव नं. ४ माथि छलफल गर्दा शिक्षकहरुलाई निजहरुले अध्यापन गराउने विषयमा थप जिम्मेवार र जवाफदेही बनाउन यस गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुको परीक्षाको नतिजा प्रकाशन गर्दा विषयगत आधारमा (विषय शिक्षकको नामथर, अध्यापन गराउने विषय, परीक्षामा सहभागी विद्यार्थी संख्या, सम्बन्धित विषयमा उत्तीर्ण विद्यार्थी प्रतिशत, आदि खुलाई) नतिजा प्रकाशन गर्ने निर्णय गरियो।

प्रस्ताव नं. ५ :- सुदूरपश्चिम प्रदेश सभा सदस्य माननीय श्री लक्ष्मण किशोर चौधरीलाई आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धमा।

निर्णय नं. ५ :- प्रस्ताव नं. ५ माथि छलफल गर्दा मानव अङ्ग प्रत्यारोपण केन्द्र (शहिद धर्मभक्त हस्पिटल) भक्तपुरमा मृगौला रोग (Chronic Allograph Nephropathy Under Maintenance Hemodialysis (2/7 days) With HTN With Type II DM) को उपचार गराईरहनु भएका सुदूरपश्चिम प्रदेश सभा सदस्य माननीय श्री लक्ष्मण किशोर चौधरीलाई आगामी गाउँसभाबाट अनुमोदन तथा समर्थन हुने गरी अन्य सामाजिक सहायता खर्च शिर्षकबाट रकम रु. १,००,०००।– (अक्षेरुपी एक लाख मात्र।) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो।

८१.०४.१४
आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

२०८१/०४/२४

प्रस्ताव नं. ६ :- आर्थिक सहयोग गर्ने सम्बन्धमा ।

निर्णय नं. ६ :- प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस गाउँ कार्यपालिका समक्ष विभिन्न मितिमा प्राप्त हुन आएका आर्थिक सहयोग सम्बन्धी निवेदन उपर जाँचबुझ गर्दा आगामी गाउँसभाबाट अनुमोदन तथा समर्थन हुने गरी तपसिल बमोजिम आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल :-

| सि.न. | व्यक्ति/संस्थाको नाम, ठेगाना | आर्थिक सहयोग रकम रु. | बजेट श्रोत | कैफियत |
|---|---|---|---|---|
| १. | मन्दिर टोल मुक्त कमैया समाज, जानकी-६ | १०,०००।- | अन्य सामाजिक सहायता खर्च शिर्षक | मुक्त कमैया दिवस मनाउन । |
| २. | पवित्रा भाट, जानकी-९ | १०,०००।- | | Under-13 महिला राष्ट्रिय भलिबल टिममा छनौट भएको हुँदा खेल खेल्न आर्थिक सहयोग |
| ३. | चिद्दुराम चौधरी, जानकी-३ | १०,०००।- | | घाँटी सम्बन्धी रोगको उपचार गराउन । |

प्रस्ताव नं. ७ :- थारु लोकचित्र तथा मूर्तिकला प्रवर्द्धन कार्यक्रम संचालन गर्ने सम्बन्धमा ।

निर्णय नं. ७ :- प्रस्ताव नं. ७ माथि छलफल गर्दा सम्वत् २०८१ साल भाद्र १० गते पर्न गएको श्रीकृष्ण जन्माष्टमीको अवसरमा यस जानकी गाउँपालि र नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान, सीताभवन, काठमाडौंको संयुक्त लागत साझेदारीमा संचालन हुने थारु लोकचित्र तथा मूर्तिकला प्रवर्द्धन कार्यक्रम-२०८१को प्रस्तावना स्वीकृत गर्ने र कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ८ :- उपाध्यक्षज्यूको वैदेशिक भ्रमण स्वीकृत गर्ने र भ्रमण खर्च तथा दैनिक भत्ता सम्बन्धमा ।

निर्णय नं. ८ :- प्रस्ताव नं. ८ माथी छलफल गर्दा RX Tradex Vietnam को 5 July, 2024 को पत्रानुसार यस गाउँपालिकाका उपाध्यक्ष श्री लालमति देवी कठरियाज्यूलाई Vietnam Manufacturing Expo (VME) 2024 मा सहभागिताको लागि निमन्त्रणा गरिएको हुँदा निजलाई उक्त Vietnam Manufacturing Expo (VME) 2024 मा सहभागी हुन भियतनाम तथा कृषि क्षेत्र र विकास निर्माणका गतिविधिहरुको अध्ययन अवलोकनका लागि सिंगापुर, मलेसिया र थाइल्याण्डको वैदेशिक भ्रमण स्वीकृत गर्ने निर्णय गरियो । साथै भ्रमण खर्च नियमावली, २०६४ को नियम १४ बमोजिम भ्रमण खर्च शिर्षक नं. २२६१२ बाट खर्च व्यहोर्ने गरी निजलाई नियमानुसार यातायात खर्च र दैनिक भ्रमण भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत